# कामना सेवा विकास बैंक लि.
# Kamana Sewa Bikas Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक)

केन्द्रीय कार्यालयः पोखरा लेखनाथ-८, सृजनाचोक, कास्की

फोन : ०६१-५३९६७२, ५३९६७३ फ्याक्स : ०६१-५३७४९९

## घर भाडामा लिने सम्बन्धी सूचना

प्रथमपटक सूचना प्रकाशित मिति २०७४/०८/०८

कामना सेवा विकास बैंक लिमिटेडका प्रस्तावित शाखा कार्यालयहरु सञ्चालनको लागि तपसीलमा उल्लेखित स्थानहरुमा घर भाडामा लिनु पर्ने भएकोले ईच्छुक घरधनीहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र कार्यालय समयमा आवश्यक कागजात सहित बैंकको केन्द्रीय कार्यालय पोखरा लेखनाथ-०८, सृजनाचोक, कास्की वा शाखा कार्यालय बुटवल-०६, पुष्पलालपार्कमा तोकिएको ढाँचा बमोजिमको निवेदन पेश गर्नु हुन अनुरोध छ । निवेदनको ढाँचा बैंकको केन्द्रीय कार्यालय वा शाखा कार्यालय बुटवलबाट प्राप्त गर्न सकिनेछ ।

**(क) घर भाडामा चाहिएको स्थान र क्षेत्रफल सम्बन्धी विवरण :**

**(१) स्थानहरु :**

क) शुद्धोधन गाँउपालिका वडा नं. ४, फर्सोटिकर बजार, रुपन्देही ।
ख) रुण्टीगढी गाँउपालिका वडा नं. ६, होलेरी, रोल्पा ।
ग) बैजनाथ गाँउपालिका वडा नं. ५, जि गाँउ, बांके ।
घ) गल्छी गाँउपालिका वडा नं. ७, गल्छीबजार, धादिङ ।

**(२) घरको तलाको क्षेत्रफल : १००० देखि १,५०० वर्ग फिटसम्मको हुनु पर्नेछ ।**

**(ख) शर्तहरु :**

१) भाडामा दिने घर आरसिसि फ्रेम स्ट्रक्चरसहितको पक्कि हुनु पर्नेछ ।
२) भाडामा दिन चाहेको घरमा कार्यालयको लागि आवश्यक पर्ने पानी, बिजुली, ढल निकास, पार्किङ, जेनेरेटर राख्ने ठाउँ लगायतका सुविधा भएको हुनु पर्नेछ ।
३) घर मूल सडकसंग जोडिएको वा मूल सडकसंग सहज पहुँच भएको निर्विवाद स्वतन्त्र र न्यूनतम २० फिटको बाटो हुनुपर्नेछ ।
४) घरको बाहिरी बनावटमा कुनै असर नपर्ने गरी भित्री बनावटलाई बैंकले आफ्नो आवश्यकता अनुसार तोडमोड गरी स्वरुप परिवर्तन गर्नु पर्ने हुँदा सोको लागि घरधनी सहमत हुनु पर्नेछ ।
५) कम्तिमा १० वर्ष सम्मका लागि घर भाडामा दिन घरधनी सहमत हुनु पर्नेछ र सम्झौता गर्ने समयमा घर खाली भई सकेको हुनु पर्नेछ । कथंकदाचित १० वर्ष सम्म घर भाडामा दिन अप्ठेरो भएमा दुवै पक्षको आपसी सहमतीमा अवधि निर्धारण गर्न सकिनेछ ।
६) बैंकले बिनारोकतोक स्वतन्त्रतापूर्वक उपभोग गर्न पाउने क्षेत्रफल कम्तिमा १००० वर्ग फिट भन्दा बढीको हुनु पर्नेछ । भुँइतला सहितको घरलाई विशेष प्राथमिकता दिइनेछ ।
७) बैंकले भाडामा लिने घरमा ३ फेज लाइन तथा संचारको लागि आवश्यक उपकरणहरु जडान गर्नु पर्ने भएकोले सोको लागि घरधनी सहमत हुनु पर्नेछ ।
८) भाडामा दिने घरको बीमा घरधनीले नै गरी बीमालेख बैंकलाई बुझाउनु पर्नेछ ।
९) बैंकले तयार पारेको निवेदन फाराममा उल्लेख भएका विषयवस्तुहरु घरधनी स्वयंले स्पष्टसंग भरेको हुनुपर्नेछ ।
१०) परेका निवेदनहरु मध्यबाट बैंकले उपयुक्त घर भाडामा लिन छनौट गर्ने हुँदा निवेदक घरधनीले कुनै कारणले आफ्नो घर भाडामा नलिएको हो भनी कुनै विवाद वा किचलो गर्न पाइने छैन ।
११) घरभाडा सम्झौताका अन्य शर्तहरु घरभाडामा लिनेदिने सम्बन्धी सम्झौता गर्दा दुई पक्षको सहमतीमा तय गरिनेछ ।

**(ग) निवेदनसंग संलग्न गर्नुपर्ने कागजातहरु:**

१) घरधनीको नागरिकताको प्रमाणित प्रतिलिपि
२) लालपुर्जा, तिरो/एकीकृत सम्पत्तिकर बुझाएको रसिदको प्रमाणित प्रतिलिपि
३) नियमअनुसार सम्बन्धित निकायबाट स्वीकृत घरको नक्शापास तथा घर निर्माण सम्पन्न कागजको प्रमाणित प्रतिलिपि
४) रितपूर्वक भरेको निवेदन फाराम ।

**नोटः रित नपुगी र म्याद गुजारी आएका निवेदनउपर कुनै कारवाही हुने छैन ।**